# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियामावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८३ बैशाख देखि २०८३ असार मसान्तसम्म)

राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं
२०८३ श्रावण

१. <u>राष्ट्रिय सतर्कता केन्द्रको स्वरूप र प्रकृति</u>: भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३७ को प्रावधान अनुसार २०५९/०४/२७ मा यस राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भएको हो ।यसले प्रचलित कानून वमोजिम भ्रष्टाचार विरुद्ध निरोधात्मक (Preventive) र प्रवर्द्धनात्मक ( Promotional) कार्यहरु गर्दै आईरहेको छ।

२. <u>केन्द्रको काम, कर्तव्य र अधिकार</u>: भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३८ मा उल्लेख भए अनुसार राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

क. सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्यहरू नियमित रूपमा भए नभएको विषयमा सूचना सङ्कलन गर्ने,
ख. सार्वजनिक संस्थाबाट नियमित रूपमा हुनुपर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने,
ग. कुनै राष्ट्रसेवकले यस ऐन वा प्रचलित कानुन बमोजिम पेश गरेको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने,
घ. भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्ने आवश्यक व्यवस्था मिलाउने,
ङ. भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नुपर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
च. सार्वजनिक संस्थामा उजुरी पेटिका राख्ने व्यवस्था मिलाउने,
छ. भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने,
ज. भ्रष्टाचार सम्बन्धी कसुरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने,
झ. भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,
ञ. सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन भएका आयोजनाको आवश्यकता अनुसार प्राविधिक परीक्षण गर्ने,
ट. भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य कार्य गर्ने, गराउने,
ठ. नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने।

३. <u>केन्द्रमा रहने कर्मचारीको विवरण:</u>

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|---|
| निजामती तर्फ | | | | | | |
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव (प्र). | रा.प.प्रथम | प्रशासन | | | २ |
| ३ | सहसचिव (प्रा.) | रा.प.प्रथम | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| ४ | उपसचिव (प्र.) | रा.प.द्वि | प्रशासन | सा.प्र. | – | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | उपसचिव (कानून) | रा.प.द्वि. | न्याय | कानून | – | १ |
| ६ | उपसचिव (लेखा) | रा.प.द्वि. | प्रशासन | लेखा | – | २ |
| ७ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ |
| ८ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ |
| ९ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | इलेक्ट्रीकल | जन. इले. | १ |
| १० | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| ११ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ |
| १२ | शाखाअधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | - | २१ |
| १४ | लेखाअधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | – | २ |
| १५ | कानून अधिकृत | रा.प.तृ | न्याय | कानून | – | २ |
| १६ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | वि.एण्डआर्किटेक्ट | २ |
| १७ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| १८ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ |
| १९ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ |
| २० | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ |
| २१ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | एयरपोर्ट | १ |
| २२ | नापीअधिकृत | रा.प.तृ. | ईन्जिनियरिङ | सर्भे | – | १ |
| २३ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | हाइड्रोपावर | १ |
| २४ | ईन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | ई . एण्डटेलिकम .ई. | – | १ |
| २५ | मेकानिकल इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | मेकानिकल | जन. मेका. | १ |
| २६ | मेकानिकल इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | मेकानिकल | नि.उप.सं | १ |
| २७ | वातावरणविद् | रा.प.तृ. | विविध | – | – | १ |
| २८ | इन्जिनियर | रा.प.तृ. | विविध | कम्प्युटर | – | १ |
| २९ | समाजशास्त्री | रा.प.तृ. | विविध | – | – | १ |
| ३० | कम्प्युटरअधिकृत | रा.प.तृ. | विविध | – | – | २ |
| ३१ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | – | १५ |
| ३२ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | – | २ |
| ३३ | सब –ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| ३४ | सब –ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | सब –ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ |
| ३६ | सब –इन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | वि.एण्डआर्किटेक | १ |
| ३७ | सब –ईन्जिनियर | रा.प.अनं. प्रथम | ईन्जिनियरिङ | सिभिल | जनरल | १ |
| ३८ | सब –ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | इलेक्ट्रीकल | जनरलइलेक्ट्रि. | १ |
| ३९ | सब –ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | मेकानिकल | निर्माणउपकरणसंभार | १ |
| ४० | सब –ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | ई .एण्ड टेलिकम.ई. | – | १ |
| ४१ | ल्याब असिस्टेन्ट | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ४ |
| ४२ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | – | – | ६ |
| ४३ | ल्याब ब्वाई | रा.प.अनं.द्वि).प्रा( | इन्जिनियरिङ्ग | सिभिल | जनरल | २ |
| | जम्मा | | | | | ९६ |
| १. | ह.स.चा | श्रेणी विहीन | | | | १० |
| २. | का.सहयोगी/पाले/स्वीपर | श्रेणी विहीन | | | | १७ |
| | निजामती जम्मा (क) | • | | | | १२३ |

राष्ट्रिय सतर्कता केन्द्र प्रहरी तर्फ

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी |
|---|---|---|---|---|---|
| १ | प्रहरी नायव महानिरीक्षक | रा.प. प्रथम सरह | प्रहरी | रा.स.के. प्रहरी | १ |
| २ | वरिष्ठ प्रहरी उपरीक्षक | रा.प. प्रथम सरह | प्रहरी | रा.स.के. प्रहरी | १ |
| ३ | प्रहरी उपरीक्षक | रा.प. द्वितीय सरह | प्रहरी | रा.स.के. प्रहरी | ४ |
| ४ | प्रहरी नायब उपरीक्षक | रा.प.द्वितीय सरह | प्रहरी | रा.स.के. प्रहरी | १ |
| | जम्मा | | | | ७ |

४. **केन्द्रबाट प्रदान गरिने सेवा:**

- सार्वजनिक निकायवाट प्रदान हुने सेवाको बारेमा सूचना संकलन गरी छानबिन एवं कारबाही गर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारीले आचारसंहिता पालना गरे/नगरेको अनुगमन/छड्के तथा निगरानी गर्ने।
- सम्पत्ति विवरण अनुगमन गर्ने।
- प्राविधिक परीक्षण तथा अनुगमन गर्ने।

५. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** सेवा प्राप्त गर्न कुनै दस्तुर नलाग्ने (प्रतिलिपि माग गरेमा नियमानुसार लाग्ने) ऐन नियमले तोकेको अवधिमा दिने।

६. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ निर्देशिका अनुसार हुने। प्रमुख अधिकृतस्तरबाट निर्णय हुने।

७. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** सहसचिव (प्रशासन तथा अनुगमन महाशाखा)

८. सम्पादन गरेको कामको विवरणः (२०८३ बैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्म)

**क. उजुरी फछ्र्यौट तर्फः**

- आ.व. २०८२/०८३ को चौंथो त्रैमासिक अवधिमा १२९८ उजुरी प्राप्त भएको, सोही अवधिमा १११४ वटा (८५.५२ प्रतिशत) उजुरी फछ्र्यौट भएको।

**ख कार्यालय अनुगमनः**

- ७८२ कार्यालयहरु (कतिपय कार्यालयहरु २ वा सो भन्दा वढी पटक समेत) को अनुगमन गरी समय पालना नगर्ने ६१७४ तथा तोकिएको पोशाक नलगाउने ५०८ जना गरी जम्मा ६६८२ कर्मचारीहरुलाई कारवाहीका लागि सम्बन्धित निकायमा निर्देशन दिइएको । तेस्रो त्रैमासिकमा २३५ कार्यालयहरु अनुगमन गरीएकोमा चौंथो त्रैमासिकमा २३२.७६ प्रतिशत वढी कार्यालयहरु अनुगमन गरिएको।

**ग सुशासन प्रवर्धन गर्ने कार्यक्रमः**

- कर्मचारी/स्थानीय तहका पदाधिकारीहरूलाई सदाचार शिक्षा कार्यक्रम र प्रदेश/स्थानीय तहमा सचेतनामूलक कार्यक्रम बागलुङ, दैलेख, नुवाकोट, सिरहा र तेह्रथुम गरी जम्मा ५ जिल्लामा ४६६ जना कर्मचारी तथा पदाधिकारीहरुको सहभागितामा सम्पन्न भएको।
- धनुषा, मोरङ र इलाम जिल्लाका ६ वटा क्याम्पस/विद्यालयमा ७६३ शिक्षक तथा विद्यार्थिहरुको सहभागितामा सचेतना कार्यक्रम सम्पन्न भएको।
- कार्यालय अनुगमनका क्रममा ५०० जना सेवाग्राहीहरुको सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम भरी सेवाग्राहीहरुको धारणा बुझ्ने कार्य गरिएको।

**घ प्राविधक परीक्षण तर्फः**

- ४ वटा राष्ट्रिय गौरब/अन्य आयोजनाहरुको प्राविधिक परीक्षण गरिएको ।
- कोशी प्रदेशको विराटनगर, मधेश प्रदेशको जनकपुर, गण्डकी प्रदेशको पोखरा र सुदुरपश्चिम प्रदेशको धनगढीमा भ्रष्टाचार न्यूनिकरणका लागि प्राविधिक परीक्षण अन्तर निकाय समन्वय कार्यक्रम ९५ वटा आयोजनाहरुको अनुगमन गरी ५१६ कर्मचारी तथा पदाधिकारीहरुको सहभागितामा सम्पन्न गरिएको ।
- कोशी, मधेश, गण्डकी र सुदुरपश्चिम प्रदेशका जिल्लाहरुमा प्राविधिक परिक्षणमा औंल्याईएका NCR हरुको फिल्डमा गई सुक्ष्मस्तरमा अनुगमन गरिएको।

९. <u>प्रमुखको र सूचना अधिकारीको नाम र पदः</u>

- श्री विश्वबाबु पुडासैनी - प्रमुख अधिकृत (सचिव)
- श्री सरिता कुमारी खतिवडा - सूचना अधिकारी (उपसचिव) (सम्पर्क नं. ९७६१४२३१०२)

**१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित),
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, (संशोधन सहित)
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५,

- राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५,
- राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८,
- राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण

**खर्च रु हजारमा**

चालु – २९२६२.४

पुँजिगत – २४३०.४७

कूल जम्मा – ३१६९२.८७

११. <u>केन्द्रको वेभसाइटः</u>

**www.nvc.gov.np**